# खारा र पिलीमा हारिएका लडाइँ

## साम कोवान

नेपालको दस वर्षे माओवादी द्वन्द्व (२०५२–२०६२) मा करिब १३ हजार मानिसको मृत्यु भयो ।[१] सुरक्षाकर्मीको हातबाट करिब आठ हजार मारिएका थिए । मारिनेमध्ये धेरै नागरिक थिए भने केहीको गैर-न्यायिक ढंगले हत्या गरिएको वा बेपत्ता पारिएको थियो, जसमध्ये धेरैजसो हत्या सुरक्षाकर्मीको हातबाटै भएको थियो । शाही नेपाली सेना र माओवादीको सैन्य संगठन 'जनमुक्ति सेना' बीचको भिडन्त र लडाइँमा अज्ञात संख्यामा लडाकुहरू मारिएका थिए । तीमध्ये ३५० जना सन् २०६१ चैत २५ गते खारामा र त्यसको चार महिनापछि २०६२ साउन २३ मा पिलीमा भएका दुई लडाइँमा मारिएका थिए । ती लडाइँ राजनीतिक परिणामका लागि महत्त्वपूर्ण थिए । यहाँ के पनि मननयोग्य छ भने ती दुवैमा दुवै सेनाका 'कमाण्डर-इन-चीफ' व्यक्तिगत रूपमा संलग्न थिए, जसको त्रुटिपूर्ण योजनाका कारण अपमानजनक पराजय हुनुका साथै जनधनको ठूलो क्षति भयो । त्यसैकारण दुवै पक्ष ती लडाइँमा के भएको थियो र किन भएको थियो भन्ने कुरामाथि पर्दा हाल्न चाहन्छन् ।

---

[१] यो लेख *हिमाल साउथ एसियन* २१(९) : २५–३०, सन् २००८ बाट लिइएको हो । यसको अंग्रेजी मूलपाठबाट दीपक अधिकारीले अनुवाद गरेका हुन् ।

यो लेख सहज रूपमा उपलब्ध माओवादीद्वारा उत्पादित ती दुई लडाइँलाई समेटिएका भिडियोको अध्ययन र पिलीको सन्दर्भमा व्यक्तिगत शोध – जसले भिडियोमा देखिएका र सुनिएका कुराको पुष्टि गर्छ – मा आधारित छ । लडाइँ भएको छ दिनपछि पिली पुगेका *काठमान्डु पोस्ट* का पत्रकार तुलाराम पाण्डेको विवरण पनि अन्य स्रोतबाट लिइएका सामग्रीसँग नजिकबाट मिल्न जान्छ ।

यस लेखले पहिला खाराको लडाइँलाई केलाउँछ । माओवादी जनमुक्ति सेनाले मध्यपश्चिम क्षेत्रको रुकुमको खारामा २०५९ जेठ १३ मा गरेको पहिलो आक्रमणमा १५० जना आफ्ना लडाकु मारिएपछि ऊ पछि हट्न बाध्य भएको थियो । माओवादीको उच्च नेतृत्वले त्यसको तीन वर्षपछि अर्को आक्रमण सफल हुन्छ कि भनेर (जबकि शाही नेपाली सेनाले खाराको किल्लाबन्दी सुदृढ बनाएको थियो) कसरी सोच्यो भन्ने आकलन गर्न गाह्रो छ । 'भिडियो फुटेज' मा आधारक्षेत्र अग्लो जमिनमा राम्ररी अवस्थित देखिन्छ । आक्रमणकारी शक्तिलाई मेसिनगनबाट आक्रमण हुनसक्ने बारुदी धराप भएको र तारबारले घेरिएको अवरोधसहितको उकालो छिचोल्दै लड्नुपर्ने हुन्छ । किल्लाबन्दीमा तयारी अवस्थाका सुरुङ र बंकरको खाकासमेत थियो ।

परम्परागत सैन्य ज्ञानबाटै आक्रमणकारी शक्तिले आफूमाथि जवाफी हमला हुनुपूर्व नै प्रतिरक्षालाई कमजोर बनाउन तोप र गोलामार्फत, र सके हवाई आक्रमणबाट समेत सशक्त सुरुआत गर्नुपर्छ भन्ने थाहा हुनुपर्थ्यो । यदि त्यस्तो तयारी भएको भए पनि आक्रमणकारीले सफलता पाउन उच्चस्तरको सैन्य क्षमता आवश्यक पर्थ्यो । माओवादीसँग यस्ता कुनै सुविधा थिएनन् र यसअघिका असफल आक्रमणहरूले उनीहरूलाई त्यसबारेमा प्रस्ट पारेको हुनुपर्थ्यो । २०५९ कात्तिक २८ गते जुम्ला जिल्लाको खलंगामा दह्रो तयारीसहितको शाही नेपाली सेनालाई पराजित गर्न माओवादी असमर्थ भएको थियो । यो पराजयले सैन्य युद्धबाटै राज्यउपर विजय हासिल गर्न सकिन्छ भन्ने मान्यतालाई कमजोर तुल्यायो, जसलाई माओवादीले एउटा महत्त्वपूर्ण मोड भनी हालै स्वीकारेका छन् । २०६० चैत ७ मा जनमुक्ति सेना पश्चिम नेपालको बेनीमा शाही नेपाली सेनाको प्रतिरक्षालाई ध्वस्त पार्न असफल भएका थियो भने खाराको लक्ष्य अझ कठिन थियो ।

खाराको लडाइँसम्बन्धी जानकारी पाउन एकदम गाह्रो छ । त्यो लडाइँ अहिले माओवादी इतिहासबाट मेटाइएको छ र पार्टीका कुनै पनि सदस्य त्यसबारे बोल्न तयार देखिँदैनन् । त्यसो भए यो आक्रमणलाई किन स्वीकृति दिइयो त ? किन यसबारे यस्तो संवेदनशीलता र सामूहिक विस्मृति ? यसको जवाफ

माओवादी प्रमुख पुष्पकमल दाहाल 'प्रचण्ड' र उनका लामो समयदेखिका नम्बर दुई बाबुराम भट्टराईबीच २०६१ को अन्त्य र २०६२ को सुरुसम्म चलेको तीतो विवादमा भेटिन्छ । जसले माओवादी पार्टीलाई विभाजनको संघारमा पुर्‍याएको थियो । यस झगडाबारे धेरै कुरा जानकारीमा आएको छ, किनभने त्यसक्रममा भएका क्रोधपूर्ण अभिव्यक्ति मेलमिलापको सम्झौताबमोजिम माओवादी वेबसाइटलगायतमा सार्वजनिक गरिएको थियो ।

यो विवाद २०६१ माघमा उत्कर्षमा पुग्यो, जति वेला भट्टराई, उनकी पत्नी हिसिला यमि र अन्य केही मुख्य समर्थकलाई कारबाही गरी पार्टीको साधारण सदस्यमा घटुवा गरिएको थियो । उनीहरूको गतिविधि र बाहिरी सम्पर्कमा समेत नियन्त्रण गरिएको थियो । यो विवादको लामो इतिहास र पक्ष भए तापनि २०६० सालबाटै एउटा प्रमुख विषय बहसमा आउन थालेको थियो । केही समयदेखि राज्यशक्ति हत्याउनका लागि सैन्य बाटो मात्र पर्याप्त हुँदैन भन्ने माओवादी नेतृत्व विश्वस्त हुन थालेको थियो । दुई वर्षअघि खलंगामा प्राप्त गर्न नसकिएको सफलताबाट केही नेताहरूलाई यो सत्य महसुस भइसकेको थियो । अन्ततः सबै गठबन्धन जरुरी भएको कुरामा सहमत भए । तर गठबन्धन भारतले मध्यस्थता गरेको राजनीतिक दलहरूसँग कि तत्कालीन राजा ज्ञानेन्द्र र उनको सेनासँग भन्नेमा उनीहरू विभाजित थिए । त्यो विभाजनलाई भट्टराईले आफ्नो विपक्षीलाई 'पूँजीवादी प्रजातन्त्रभन्दा र सामन्ती निरंकुशतन्त्र प्रगतिशील ठान्ने' का रूपमा चित्रित गरे ।

२०६१ सालको मध्यतिर ज्ञानेन्द्रका निजी प्रतिनिधिहरूसित प्रचण्डको वार्ता भइरहेको थियो भन्ने पछि आएर मात्र थाहा भयो । यी दुईबीच भेटको सम्भावना बढ्दै थियो र प्रचण्डलाई प्रधानमन्त्री बनाइदिने आश्वासन दिइएको थियो । त्यसपछि २०६१ माघ १९ को घटना भयो; ज्ञानेन्द्रले 'कू' मार्फत सत्ता कब्जा गरे । विश्लेषक भरत दाहालले २०६४ भदौ २ गतेको *नेपाल* पत्रिकामा यो कदमले खारा आक्रमणतिर डोर्‍याएको जनाएका छन् ।

भट्टराई कारबाहीमा पर्ने र ज्ञानेन्द्रले सत्ता कब्जा गर्ने समय एउटै पर्‍यो । प्रचण्डका लागि दरबार, भारत र भट्टराई सबैको ढोका बन्द भयो । उनले आफ्नो 'श्रेष्ठता' साबित गर्न खारा आक्रमणको खाका तयार पारे । त्यसमा पार्टीको ठूलो फौजी शक्ति परिचालन गरियो तर त्यो नराम्ररी विफल भयो । ज्ञानेन्द्रको कदम र भट्टराई तथा उनका समर्थकको भनाइविपरीत सत्ता कब्जाका लागि सैन्य समाधान छ भनेर देखाउन प्रचण्डले दह्रिलो ढंगले अवस्थित खारामाथि आक्रमण गर्ने निर्णय लिएका थिए । भिडियोहरूबाट निकालिएको प्रमाणले पनि यो आरोपमा दम छ भन्ने देखाउँछ ।

## प्रचण्डको 'मुर्ख्याइँ'

प्रचण्डले जनमुक्ति सेनाका पश्चिम र मध्य क्षेत्रका दुवै डिभिजनलाई खारा आक्रमणमा संलग्न गराए । चैतमा पश्चिम डिभिजन कमाण्डर जनार्दन शर्मा 'प्रभाकर' ले युद्धको आवश्यकतालाई सीधै ज्ञानेन्द्रको 'कू' सँग जोडे र त्यसको एकदमै महत्त्वकांक्षी लक्ष्य अगाडि राखे । "ज्ञानेन्द्र शाहीको 'कू' उसको सफलता होइन," उनले राजालाई आम नागरिकमा झार्न उनको थरको प्रयोग गर्दै भने : "यो जनयुद्धको सफलता हो । परिस्थितिमा आएको यो नाटकीय परिवर्तनले हाम्रासामु एउटा प्रश्न खडा गरिदिएको छ, के हामीले अहिलेसम्म लडेको युद्धलाई छिन्नभिन्न हुन दिने ? हामी गुरिल्ला युद्धतिर फर्किने ? कि हामी अघि बढ्ने ? कि हाम्रा आधारइलाका भंग गरेर त्यहाँ रहेका सबैलाई मर्न दिने ? कि हामीमध्ये २-४ सय मरेर अन्तिम विजयको ढोका खोल्ने ? प्रश्न यहीँनेर छ ।"

विजयको ढोका खोल्ने र जित्ने माओवादी ब्रिगेड कमाण्डरहरू र कमिसारहरूले निरन्तर दोहोऱ्याइरहने विषय हो । मध्य डिभिजन कमाण्डर नन्दकिशोर पुन 'पासाङ' लाई उक्त कारबाहीको सम्पूर्ण कमाण्ड जिम्मा दिइएको थियो । पुनले भनेका थिए, "हामी हाम्रो क्रान्तिलाई नयाँ उचाइमा पुऱ्याऔं र क्रान्तिको ढोका साँच्चै खोलौं । अथवा हाम्रा अध्यक्षको भनाइमा- विजयको ढोका खोलौं । यो प्रतिबद्धतासँगै हामीले यो निशाना तय गरेका छौं ।" आठौं ब्रिगेडका सहकमाण्डर विजय केसी 'विकल्प' उक्त भनाइ अझ प्रस्ट पार्दै भन्छन्, "हाम्रो अध्यक्षको एउटा सपना छ, जुन वास्तविकतासँग सम्बन्धित छ । र, त्यो सपना विजयसँग सम्बन्धित छ ।"

यी कमाण्डरहरू आफ्ना अन्य सहकर्मीहरूजस्तै युद्धमा विजय हुने र त्यसपछि आउने घटनाक्रमबारे विश्वस्त देखिन्छन् । तेस्रो ब्रिगेडका कमाण्डर वीरेन्द्र बुढाक्षेत्री 'जीवन' ले दाबी गरे, "यसअघिका युद्धपछि हामी आराम गर्थ्यौं । तर अब उप्रान्त हामी एकपछि अर्को आक्रमण गर्नेछौं र एकपछि अर्को सफलता हात पार्नेछौं । हामीले दुस्मनका किल्ला ध्वस्त बनाउनेछौं र दुस्मनलाई बढार्नेछौं ।" जीवनका शब्दमा पाइने भावना अन्य धेरैमा पाइन्छ । युद्धबाट खारिएका माओवादी सैन्य कमाण्डरले त्यस्तो भ्रामक मानसिकता कसरी अपनाउन पुगे भन्ने अनुमानको विषय मात्र हुनसक्छ । तर के प्रस्ट छ भने प्रचण्ड आफैंले उनीहरूलाई युद्धको आवश्यकताबारे मनाइसकेका थिए । उनले भनेका थिए कि त्यो युद्ध जित्न सकिन्छ र जित्नुपर्छ, र सफलताले अन्तिम विजयको बाटो खोल्नेछ ।

आक्रमणको अन्तिम आदेश ठूलो र विस्तृत मोडल प्रयोग गरी खाराका विशेषता र प्रतिरक्षाको प्रतिनिधित्व गर्ने गरी दिइएको थियो । भिडियोमा प्रभाकर

र पासाङ सँगसँगै बसेका देखाइएको छ तर उनीहरूको 'बडी ल्याङ्वेज' मिलेको देखिँदैन । प्रभाकरको योगदानलाई ओझेलमा पारिएको छ र केहीपछि दिएको अन्तर्वार्तामा 'विकल्प' ले आक्रमणको योजनाबारे दुई डिभिजनमा फरक विचार भएको संकेत दिएका छन् । कमाण्डको एकताको अत्यन्त महत्त्वपूर्ण सिद्धान्तलाई जोगाउन सामान्य सैन्य परिपाटीअनुसार प्रभाकरको डिभिजनअन्तर्गतका ब्रिगेड पासाङको कमाण्डमा हुनुपर्थ्यो, जसको 'चेन-अफ-कमाण्ड' मा प्रभाकरको कुनै भूमिका हुँदैन । सैन्य कारबाहीमा कसले सबैको जिम्मेवारी लिन्छ भन्ने कुरामा कुनै शंका हुनु हुँदैन । सैन्य कारबाहीमा पूर्ण एकता र ध्यान एकत्रित गर्नका लागि एक मात्र कमाण्डर र एक मात्र लक्ष्य हुनुपर्छ । अरू कुनै पनि खाले व्यवस्थाले भ्रम सिर्जना गर्ने र दुर्घटना निम्त्याउने सम्भावना हुन्छ ।

भिडियोमा लडाइँका दृश्य देखाइएको छैन । तर, त्यसमा मुख्य आक्रमणकारी समूहले आक्रमणअघिको अन्तिम तयारी गरिरहेको दृश्य छ । त्यसमा राइफलको कमी प्रस्टै देखिन्छ । धेरै लडाकुका हातमा सकेट बम थियो भने अन्यले चाहिं खन्न र तारबारको अवरोध तोड्ने चाहिने औजार, सामग्री बोकेका थिए । २०६१ सालसम्ममा शाही नेपाली सेनाले आफ्नो आधारक्षेत्रको सुरक्षा सुदृढ बनाइसकेको थियो र हल्का हतियारले सुसज्जित जनसेना – जसको लड्ने जोस जतिसुकै दह्रो किन नहोस् – ले खाराको अत्यन्त सुदृढ अवस्थालाई दखल दिने कुनै सम्भावना थिएन ।

उक्त आक्रमणमा २५० जना माओवादी मारिए, जुन उसको द्वन्द्व अवधिभरिको सबैभन्दा ठूलो क्षति हो । शाही सेनाको प्रतिरोधविरूद्ध आक्रमणकारीहरूले लामो र साहसपूर्वक लडाइँ लडे तर त्यहाँ भएको घटनालाई जनाउने सम्भवतः सबैभन्दा उपयुक्त शब्द 'आमहत्या' हो, किनभने तारबार र बलियो किल्लाको भुलभुलैयामा एकपछि अर्को आक्रमणकारी मेसिनगनको गोलीको शिकार भए । वास्तवमा परिस्थिति आफ्नो अनुकूल नहुँदानहुँदै पनि जनमुक्ति सेनाले १८ घन्टाभन्दा बढी लड्नु आफैंमा असाधारण थियो । यस्तो अवस्थामा धेरैजसो लडाकु धेरैअघि नै युद्धमैदान छाडेर भागिसकेका हुन्छन् । यद्यपि शाही नेपाली सेनाको कम क्षतिले जनमुक्ति सेनाको दृढताका बाबजुद उनीहरू प्रतिरक्षा घेराभन्दा भित्र जान नसकेको देखिन्छ ।

युद्धपछि माओवादी पत्रकारहरूसँगको अन्तर्वार्तामा 'विकल्प' ले आफ्नो कमाण्डमा रहेका मानिसहरूले युद्धमा भाग लिनुअगावै त्यसको अन्त्य भएको गुनासो गरेका छन् । तर उनको मुख्य आलोचना अझ बढी तिलमिलाउने किसिमको छ, "हामी युद्धमा गएपछि धेरै समस्या आए ।" उनी भन्छन् :

> धेरै गल्तीहरू भए । अहिले हामीले विश्लेषण गर्दा केही कमजोरीका कारण हामीले त्यस्तो परिणाम भोग्नुपऱ्यो । हामीले सोचेअनुसार घटनाहरू भएनन्, किनभने त्यहाँ धोका र उपद्रो भएको थियो । धेरै चिजबाट हामीलाई धोका भयो । यसमा सबैभन्दा बढी कमजोरी कसको थियो ? सीधा र प्रस्ट रूपमा भन्ने हो भने त्यो कमाण्डरको कमजोरी थियो । त्यो मुख्य कमाण्डरको कमजोरी थियो र हाम्रो पनि ।

पासाङप्रतिको यो आलोचना पूर्ण रूपमा गलत थियो । यो आलोचना प्रभाकरको डिभिजनका ब्रिगेड कमाण्डरबाट हुनु र त्यही डिभिजनसँग सम्बद्ध पत्रकारले त्यसको भिडियो खिच्नुले उनीहरूबीच प्रतिद्वन्द्विता रहेको, कमाण्डमा एकता नभएको जनाउँछ । जनमुक्ति सेनाले हतियारको सवालमा भोगेजस्तो असमानताको अवस्थामा सेनाको कुनै पनि कमाण्डरले खाराको युद्ध जित्न सक्दैनथ्यो । पासाङले जति वेला आक्रमण टुंग्याए, त्यो ठीकै गरे, किनभने अरू धेरै सेना थपेको भए झन् बढी क्षति हुन्थ्यो ।

यो ठूलो क्षति सैन्य शक्तिको नैतिक बललाई अरू सबै पक्षभन्दा उपल्लो बिन्दुमा पुऱ्याउँदा के हुन्छ भन्ने कुराको ज्वलन्त उदाहरण हो । पहिलो विश्वयुद्धअघि फ्रान्सेली र बेलायती जर्नेलहरूले यही गल्ती गरे । तर, उनीहरूले त्यसबाट महँगो पाठ सिके, ठूलो मानवीय मूल्यमा : आक्रामक भावना र उच्च मनोबल भएका लडाकुहरू तरबार, पूर्ण तयारीसहितको सुरुङ, मेसिनगनको गोलाबारी र दृढ प्रतिरोधीका सामु उच्च मनोबलले युद्धलाई एक हदसम्म मात्र लैजान सक्छ । माओवादीका लागि खारा त्यस्तै भयो ।

प्रचण्डका लागि त्यो हार ठूलो व्यक्तिगत धक्काका रूपमा आएको हुनुपर्छ । उनले सार्वजनिक रूपमा व्यक्त गरेको 'विजय' को सपना चकनाचुर भयो । यो वास्तवमै उनको लडाइँ थियो, जुन उनी आफैंले व्यक्तिगत कारणले (जुन अघि नै व्याख्या गरिसकिएको छ) पहल गरेका थिए । त्यसपछि उनले लिनसक्ने बाटो एक मात्र थियो । खारा आक्रमणको चार साताभित्रै प्राविधिक रूपमा पार्टीका साधारण सदस्य मात्र रहेका बाबुराम भट्टराई प्रचण्डका दाहिने हात मानिने कृष्णबहादुर महरासँग राजनीतिक दलहरूसँग वार्ता गर्न दिल्ली पुगिसकेका थिए, जुन वार्तामा ती दलसँग २०६२ मंसिरको १२ बुँदे समझदारी भयो ।

खाराको पराजयले माओवादी सेनाको मानमर्यादामा आघात पऱ्यो । तर केही महिनापछि नै काठमाडौंस्थित 'सामन्ती तानाशाह' ले सेना परिचालन गर्ने त्यत्तिकै गलत र अहंकारपूर्ण निर्णय गर्छन् । यसले जनमुक्ति सेनालाई आफ्नो गुमेको प्रतिष्ठा हासिल गर्न सहयोग मात्र गर्दैन, दुई सयभन्दा बढी आधुनिक हतियार र भारी परिमाणमा विष्फोटक पदार्थ र गोलीगठ्ठा जफत गर्नसमेत बाटो खोल्छ ।

## ज्ञानेन्द्रको 'मुर्ख्याइँ'

२०६२ साउन ९ मा शाही नेपाली सेनाको इञ्जिनियरिङ बटालियनको एक समूहलाई मध्यपश्चिमको कालिकोट जिल्लास्थित कर्णाली नदीको सहायक नदी तिलाको भिरालो किनारमा क्याम्प बनाउन खटाइयो । त्यसअघि त्यस क्षेत्रमा कुनै सुरक्षा कारबाही गरिएको थिएन, न त क्याम्पको निर्माण अवधिभर स्थलगत सुरक्षाको व्यवस्था मिलाइएको थियो ।

उक्त निर्णय ज्ञानेन्द्रको ठाडो आदेशबाट भएको थियो । कडा सुरक्षाबीच देशभर भएका सार्वजनिक अभिनन्दनका क्रममा ज्ञानेन्द्रले सडकका लागि जनताको असंख्य आग्रहलाई उत्साहपूर्वक र सहमतिसूचक ढंगले सहमति जनाउँथे । तर दुर्भाग्यवश उनको महान् सडक निर्माताको छविलाई कायम राख्न गाह्रो भयो, किनभने ग्रामीण क्षेत्रमा असुरक्षाका कारण केही पनि निर्माण गर्न मुश्किल थियो । माओवादी विद्रोह फैलँदै जाँदा र विकासका गतिविधि अवरूद्ध हुँदै जाँदा उनले एउटा प्रभावकारी शासकका रूपमा आफ्नो विश्वसनीयता गुम्दै गएको पाए । आफ्नो सार्वजनिक प्रतिष्ठालाई बल दिन उनले निर्णायक कारबाही जरूरी भएको माने । तसर्थ मनसुन उत्कर्षमा भएका वेला २०६२ असारमा उनले आफ्ना सेनाप्रमुखलाई कालिकोटस्थित सुर्खेत-जुम्ला सडकको निर्माण कार्य थाल्ने आदेश दिए ।

यो आदेशको सम्भावित परिणामबारे ज्ञानेन्द्रलाई जानकारी दिइनुपर्थ्यो । तर, उक्त आदेशलाई शिरोधार्य गरियो । सैनिक जवानहरूलाई त्यहाँ क्याम्प बनाउन पठाइयो, जसलाई पछि ब्रिगेडियर जनरल दीपक गुरूङले अत्यधिक स्पष्टताका साथ 'रणनीतिक रूपमा प्रतिकूल स्थान' भनी व्याख्या गरेका थिए । अर्को, २०६२ साउन २८ मा उनलाई उद्धृत गरिएको रिपोर्टमा भनिएको छ, "पिलीको अस्थायी सुरक्षा क्याम्प भएको ठाउँ उपयुक्त थिएन । त्यहाँ क्याम्प राख्ने निर्णय रणनीतिक थिएन, प्राविधिक थियो । हाम्रो समूहले त्यस्तो आक्रमण खेप्नु पर्ला भन्ने हामीले आशा गरेका थिएनौं ।" त्यसो नगर्न, भनेको उनीहरू आफ्नो कर्तव्यबाट च्युत हुनु थियो । यो असफलताले युद्धको एक आधारभूत सिद्धान्त (दुस्मनलाई कहिल्यै कम नआँक्नु) प्रति पूर्ण बेवास्ता देखाउँछ ।

पिलीमा पहिलो समूहको सैनिक आइपुगेको १० दिनपछि साउन १८ मा माओवादीले शाही नेपाली सेना त्यहाँ खटिएको खबर सुनेका थिए । प्रभाकर त्यतिखेर पिलीदेखि ७० किलोमिटर टाढा जाजरकोटको दशेरा गाविसस्थित दोस्रो ब्रिगेडमा थिए । सहकमाण्डर कालीबहादुर खाम 'विविध' पिलीबाट ७० किमी टाढाको अछाम, तर्माखण्ड गाउँको तेस्रो र आठौं ब्रिगेडमा बाजुरा जिल्लाको

सदरमुकाम मार्तडीमा आक्रमणको तयारी गर्दै थिए । पिली क्याम्पबारे थाहा पाउनेबित्तिकै जनमुक्ति सेनाका कमाण्डरहरूले त्यो सजिलो निशाना हुने भएकाले जतिसक्दो चाँडो आक्रमण गर्नुपर्ने निष्कर्षमा पुगे ।

सुरुमा प्रचण्ड स्वीकृति दिन अनिच्छुक थिए । त्यतिखेर माओवादी प्रतिनिधिहरू दिल्लीमा राजनीतिक दलहरूसँग छलफल गर्न पुगिसकेका थिए भने चाँडै युद्धविराम हुने सम्भावना थियो । त्यसै वेला खारा आक्रमणको असफलताको बुई चढेर प्रचण्ड युद्धविराममा जाने जोखिम मोल्न सक्दैनथे । उनलाई उनका कमाण्डरहरूले सफलता सुनिश्चित रहेको विश्वास दिलाएका थिए । त्यसमा संलग्न मुख्य कमाण्डरहरूले आफ्नो सैन्य बल पिलीदेखि एक घन्टाको दूरीमा रहेको पाखा गाविसको राउत गाउँमा तुरुन्तै परिचालन गर्न साउन २३ मा सहमति जनाए । माओवादीका क्षेत्रीय ब्युरो प्रमुख खड्कबहादुर विक 'प्रकाण्ड' ले दोस्रो ब्रिगेडका कमाण्डरहरू जाजरकोटबाट त्यसतर्फ प्रस्थान गर्नुअघि दिएको भाषणमा उक्त आक्रमणको औचित्य प्रस्ट पारेका थिए, "युद्धमा जुन पक्षले गल्ती गर्छ, उसले पराजय बेहोर्छ । हाम्रो दुस्मनले ठूलो गल्ती गरेको छ र त्यसबाट फाइदा उठाउन हामी चाँडै अघि बढ्नुपर्छ ।"

लक्ष्यलाई समयमै हासिल गर्न तीनओटा ब्रिगेडले पाँच दिन दुइटा फरकफरक बाटोबाट थोरै खानेकुराको भरमा हिँड्नुपर्‍थ्यो । भिडियोमा देखिएअनुसार दुवै बाटाहरू एकदमै कठिन थिए । वर्षाको वेलामा ४ हजार मिटर अग्ला पर्वत शृंखला पार गर्नुपर्‍थ्यो । जाजरकोटबाट दोस्रो ब्रिगेड करिब-करिब सीधा रेखामा हिँड्यो । तेस्रो र आठौं ब्रिगेडले कालिकोटको सदरमुकाम मान्मदेखि उत्तरतिर रहेको रामकोट गाविसस्थित कर्णालीको भेरी पुल तर्नका लागि उत्तरपूर्वतर्फ जानुपर्‍थ्यो । त्यसपछि उनीहरूले दक्षिणतिरको चुली हिमाल पार गरेर दोस्रो ब्रिगेडलाई राउत गाउँमा २०६२ साउन २३ दिउँसो १ बजे भेटे । उनीहरूले त्यसै साँझ आक्रमण गर्ने निधो गरे ।

आक्रमणले आश्चर्यजनक सफलता हासिल गर्‍यो । क्याम्पदेखि ३०० मिटर पर हेलिकोप्टरको अवतरणले उनीहरू सामान उतार्न जानुपर्ने भएकाले प्रतिरक्षामा रहेकाको ध्यान भंग गर्‍यो । माओवादी कमाण्डले यो मौका छोप्ने निर्णय गर्‍यो र आक्रमण साँझ ५:४५ बजे सुरु भयो । माओवादीले भर्खर हेलिकोप्टरबाट उत्रिएका सेनाका बटालियन कमाण्डरसहित सामान उतार्न गएका केही निशस्त्र सैनिकलाई कब्जामा लिए । त्यसपछिको अलमलका कारण सेनाका कमाण्डर भाग्न सफल भएका थिए । उनी र अन्य ११४ सदस्य दुई दिनपछि मान्ममा देखापरे जो कसो-कसो गरेर भाग्न सफल भएका थिए । तुलाराम पाण्डेको

लेखबाट उनीहरूको शीघ्र प्रस्थान र मैलोधैलो अवस्थाको प्रमाण मिल्छ । मान्मदेखि पिलीसम्मको बाटोमा पोसाकका च्यातिएका टुक्रा, जुत्ता, क्याप र गोली राख्ने कार्तोस आदि भेटिएको पाण्डेले जनाएका छन् । उनले गाउँलेहरूलाई उद्धृत गर्दै ती भागेका सैनिकहरू भोकै र नाङ्गै भएको र गाउँलेले तिनलाई खानेकुरा, जुत्ता र लुगाफाटो दिएको उल्लेख गरेका छन् ।

शाही नेपाली सेनाले आक्रमणका वेला क्याम्पमा २२७ जना सैनिक रहेको जनायो । सायद त्यसभन्दा बढी नै थिए, किनभने ५८ जना मारिएका थिए, ६० जनालाई कैदी बनाइएको थियो भने ११४ जना मान्ममा देखापरेका थिए । यसको अर्थ १२० सैनिकले युद्धभूमिमा माओवादीको प्रतिरोध गरिरहेका थिए । झण्डै तीन हजारभन्दा बढी माओवादीले आक्रमणमा भाग लिएका थिए । यसले शाही नेपाली सेनाको प्रतिरोध दुई घन्टापछि साँझ ७:४५ बजे नै समाप्त भएको कुरा स्वाभाविक लाग्छ । नेतृत्व गर्ने अधिकारी नभएको, एकदमै झिनो संख्यामा रहेको र तयारी अवस्थामा नरहेको र भिडियोमा देखिएअनुसार गलत स्थानमा राखिएको क्याम्पमाथि आक्रमण होला भन्ने अनुमानै नगरेको शाही नेपाली सेनाले त्यति लामो समयसम्म लडाइँ जारी राखेर आफ्नो कौशल देखायो । क्याम्पको एक मात्र जिपीएमजी मेसिनगन ध्वस्त भएपछि लडाइँमा निर्णायक मोड तब आयो ।

माओवादीहरू भोकाएका र थाकेका थिए । त्यसैले लडाइँपछि उनीहरूको पहिलो काम सेनाबाट जफत गरिएको रासनबाट भात पकाउनु थियो । धेरैजसो क्याम्प नजिकै सुते । केही चाहिं राति सेनाका उपकरण र सरसामान तोड्नतिर लागे, जसले गर्दा गाउँलेले आक्रमणको यथार्थ अवधि आकलन गर्न सकेनन् । माओवादीको पहिलो समूह भोलिपल्ट बिहान ६ बजेदेखि त्यहाँबाट हिंड्न थाल्यो । बाँकी रहेकामध्ये मध्याह्नसम्ममा क्याम्पमा रहेका आफूलाई उपयोगी हुने सबै सामग्री जफत गर्नुका साथै ६० जना शाही नेपाली सैनिकलाई कैदी बनाएर हिंडिसकेका थिए । शाही नेपाली सेनाको पहिलो टोली माओवादीले छाडेको ठ्याक्कै एक दिनपछि साउन २५ गते बिहान ११ बजे मान्मबाट पिली आइपुग्यो । आक्रमणमा २६ माओवादी मारिए । कैदी बनाइएका सैनिकलाई पाँच सातापछि भदौ २९ मा रेडक्रसको रोहबरमा छाडियो ।

## प्रचार युद्ध

पिली युद्धपछिका घटनाले एउटा पुरानो भनाइ चरितार्थ गर्छ- सत्य युद्धको पहिलो शिकार हुन्छ । माओवादी अखबार *जनादेश* मा लेख्ने (खाराको घटनालाई बिर्सनुपर्ने अवस्थासँगै) माओवादी पत्रकारहरूले शाही नेपाली सेनाको प्रतिरोधको

अवधि र प्रतिरक्षाको शक्तिबारे बढाइचढाइ गर्नु स्वाभाविक थियो । आक्रमणका विस्तृत र धेरै काल्पनिक विवरणहरू प्रकाशित गरिए । तर यो युद्धको असफलतामा ज्ञानेन्द्र र सेनाप्रमुख जनरल प्यारजंग थापाको व्यक्तिगत सम्बन्ध भएकाले को जिम्मेवार थियो भन्ने प्रश्न सोध्नबाट मानिसहरूलाई अन्यत्र मोड्न शाही नेपाली सेनाले बढी चासो दिएको थियो । चाँडै के प्रस्ट भयो भने, सेनाले गल्ती स्वीकार्नेवाला थिएन र त्यस्तो प्रतिकूल अवस्थामा पनि साहसपूर्वक लड्ने सैनिकप्रति श्रद्धाञ्जली व्यक्त गर्नसमेत कञ्जुस्याइँ गरिएको थियो । बरु उल्टै उनीहरूको योगदानलाई माथिल्लो ओहोदाका सैन्य पदाधिकारीको अक्षमता र भूलचूकलाई ढाकछोप गर्न उपहास गर्ने र हियाउने काम गरिएको थियो । यो जघन्य कार्यका लागि मृत सैनिकहरूको शरीरलाई समेत जनसम्पर्कको प्रयोजनका निम्ति प्रयोग गरिएको थियो ।

आम मानिसको ध्यान अन्यत्र मोड्न शाही नेपाली सेनाले पिलीमा लड्ने सबै निशस्त्र नागरिक थिए भन्ने कुरा अगाडि सार्‍यो । साउन २८ गते सैनिक मुख्यालयमा आयोजित पत्रकार सम्मेलनमा यो भनाइ परिवर्तन गरी अर्को विरोधाभासपूर्ण भनाइ सार्वजनिक गरियो, 'बिहानसम्म सेनाले बहादुरीपूर्वक प्रतिरोध गरेको' र 'मृत्यु भएका धेरैजसो सैनिक निजी हतियार नभएका गैरलडाकु थिए' भनियो । यो कुरालाई कैयौं पटक दोहोर्‍याइएको थियो, जबकि सबै सेनामा कम्ब्याट इञ्जिनियरहरूलाई पनि उनीहरूले आफ्नो पेसागत सीप सिक्नका अतिरिक्त इन्फ्यान्ट्रीमेनको तालिम दिइएको हुन्छ । एक वर्षअघि जिल्ला सदरमुकाम बेनीमा इञ्जिनियर बटालियनले तीन हजारको संख्यामा आएका माओवादीसँग प्रतिरोध गरेको थियो ।

सेनाको अर्को दाबी अझ गम्भीर थियो । *नेपालन्युजले* आफ्नो अनलाइन शाही नेपाली सेनाले निकालेको भिडियो न्यूज पोर्टलमा देखायो, जसमा मृत सैनिकका डरलाग्दा तस्बिर थिए । "विद्रोहीहरूले केही सैनिकलाई उनीहरूको हत्या गर्नुअघि जनेन्द्रीय, हातपाखुरा र जिब्रो विकृत बनाएका थिए भने अरूका हात र खुट्टा बाँधेर जिउँदै जलाइएको थियो," ती भिडियो हेरेका भरमा गरिएका यी दाबी अविश्वसनीय थिए । 'फोरेन्सिक' विज्ञ र व्यक्तिगत परीक्षणविना मोर्टार र हजारौं उच्च गतिका गोली प्रयोग गरिएको भिडन्तमा परेकाहरूको चोटको प्रकृति कस्तो थियो भनी पत्ता लगाउन गाह्रो हुन्छ ।

उक्त दाबी सबैभन्दा पहिले सेनाले साउन २६ मा आयोजना गरेको पत्रकार सम्मेलनमा गरिएको थियो र राज्यनियन्त्रित सञ्चारमाध्यममा व्यापक प्रचार गरिएको थियो । एक दिनपछि संयुक्त राष्ट्र संघीय मानवअधिकार उच्चायुक्तको

कार्यालय (ओएचसीएचआर) ले शाही नेपाली सेनालाई योग्य र स्वतन्त्र विशेषज्ञबाट पीडितको परीक्षण गराउन आग्रह गर्‍यो । साउन ३०-३१ मा त्यस्ता विशेषज्ञले काठमाडौंमा पिली घटनामा मारिएका ५८ सैनिकको शवको परीक्षण गरेका थिए । त्यसको परिणाम सेना, ओएचसीएचआर र राष्ट्रिय मानवअधिकार आयोगलाई उपलब्ध गराइएको थियो । सेनाले तत्कालै अंगभंग र हत्याबारेको उक्त प्रचार बन्द गर्‍यो, किनभने त्यसलाई पुष्टि गर्ने 'फोरेन्सिक' प्रमाण फेलापरेको थिएन ।

तर यस्ता भ्रमपूर्ण दाबीको यससँगै अन्त्य भएन । मानिसहरूको ध्यान अन्यत्र मोड्ने प्रयासमा सेनाले हालसम्मकै सबैभन्दा हास्यास्पद दाबी गर्‍यो । साउन २९ मा *काठमान्डू पोष्ट*ले अघिल्लो दिनको पत्रकार सम्मेलनमा ब्रिगेडियर जनरल दीपक गुरूङको भनाइ उद्धृत गर्दै लेख्यो, "हाम्रा सैनिकको मुख्य गुनासो के छ भने एक-दुई घन्टाको लगातार फायरिङपछि नै इन्सास (इन्डियन नेसनल स्मल आर्म्स सिस्टम) राइफलले काम गर्न छाड्यो । पिलीमा मध्यरातपछि राइफलले राम्रोसँग काम गरेन । सिपाहीहरूले बिहानसम्म ८१ एमएमको मोर्टार र जिपीएमजीका भरमा माओवादीसँग लडे ।" यो दाबी फितलो छ । पिलीको लडाइँ दुई घन्टामै सकिएको थियो । उक्त लडाइँका भिडियोको अध्ययनले के देखाउँछ भने आक्रमणकारी फौजसँग धेरै मात्रामा सकेट बम थिए भने उनीहरूले प्रयोग गरेका राइफलमा मुख्यतः थ्रीनटथ्री, केही जफत गरिएका इन्सास र अर्धस्वचालित राइफल थिए । केही पर्यवेक्षकले त्यतिखेर जनाएअनुसार दुवै पक्षले भारतीय हतियार प्रयोग गरेका थिए । शाही नेपाली सेनाका सिपाहीहरू हतियारका कारण पक्कै पनि प्रतिकूल अवस्थामा थिएनन् । क्याम्पमा रहेर लडाइँ गरिरहेकासँग राम्रा हतियार मनग्गे थिए ।

## निजी सेना

२ हजार ५ सय वर्षअघि सुन्त्जुले रणनीतिक सफलताको उपल्लो बिन्दु हासिल गर्न आक्रमणलाई अण्डामा ढुंगा हानेको अवस्थासँग तुलनायोग्य हुनुपर्ने बताएका थिए । कठिन भूगोल र अप्ठ्यारो अवस्थाका बाबजुद जनमुक्ति सेनाले पिलीमा सुन्त्जुको आदर्श हासिल गर्ने अवस्था ल्याउन ठूलो टक्कर र कौशल प्रदर्शन गरे । यद्यपि उनीहरूका लागि आफ्ना सिपाहीलाई पर्याप्त सुरक्षाविना नै खतरनाक स्थानमा खटाउने शाही सेनाका वरिष्ठ कमाण्डरहरूको अक्षमता र गलत निर्णय पनि उत्तिकै वरदान साबित भएको थियो । जनसम्पर्कको जतिसुकै प्रयासले पनि पिलीमा भएको पराजयलाई ढाकछोप गर्न सम्भव छैन, न त्यसको कारक रहेको भयानक अक्षमतालाई लुकाउन सकिन्छ ।

खाराको आधारशिविरमा आक्रमण गर्दा मारिएका र पिली शिविरको प्रतिरक्षा गर्दा जीवन गुमाएका सैनिकहरू उनीहरूका कमाण्डरको अहम् र अयोग्यताका कारण इतिहासमा मारिएका अनेक सिपाहीको लामो सूचीमा पर्छन् । त्यस्ता विपत्तिबाट बाँच्नेमध्ये केही भाग्यमानीले मात्र आफ्नो वेदना र आफ्ना सहकर्मीको नियतिका लागि जिम्मेवार व्यक्तिहरूलाई सजाय दिइएको देख्न पाउने छन् । तर ज्ञानेन्द्रको निरंकुश र प्रश्न उठाउन नपाइने शासनकाल र उनले कमान सम्हालेको सेनामा त्यस्तो हुने कुनै सम्भावना थिएन । न त माओवादीको अति गोप्य र बन्द दुनियाँमै त्यो सम्भव थियो ।

देशमा लोकतन्त्रको आगमनसँगै भविष्यमा नेपालका सुरक्षा बलको नेतृत्वमा रहेकाहरूलाई उनीहरूको कदमका लागि पारदर्शी र खुला ढंगले जवाफदेही बनाइनु पर्छ । तर दुई सेनाको अस्तित्व रहिरहेको अवस्थामा यसतर्फ अघि बढ्न निकै कठिन देखिन्छ । माओवादी र सरकारबीच २०६३ मंसिर ५ मा हस्ताक्षर भएको बृहत् शान्ति सम्झौतामा माओवादी लडाकुलाई सुपरीवेक्षण, समायोजन र पुनःस्थापनाका लागि विशेष समिति गठन गर्ने प्रावधान राखिएको थियो, तर एकपटक बैठक बसेपछि नै प्रक्रिया अगाडि बढ्न सकेको छैन । माथिल्लो तहमा नेपालको सैनिकीकरण भएको राज्यमा प्रगतिशील असैनिकीकरणको आशंकामा बन्न पुगेको अत्यधिक ठूलो सुरक्षा क्षेत्रको पूर्ण रूपान्तरण गर्न र त्यसलाई छरितो बनाउन आवश्यक छ । स्वास्थ्य, शिक्षा र अन्य कार्यक्रमतिर लगानी बढाउन र लोकतन्त्रलाई संस्थागत गर्न पनि यो आवश्यक छ ।

यी सब हासिल गर्नका लागि पूर्वसर्त के हो भने नेपाली सेनालाई दह्रो राजनीतिक निर्देशनमा राख्नुपर्छ । नेपालको आधिकारिक सेना राज्यको शासकीय निकायको यति कम नियन्त्रणमा इतिहासमै कहिल्यै थिएन । २०६३ जेठमा यसअघि उसमाथि दरबारमा निहित अधिकार प्रधानमन्त्रीको कार्यालय वा रक्षामन्त्रीमा हस्तान्तरण हुनुपर्नेमा सीधै सैनिक मुख्यालय र हालका प्रधानसेनापतिको हातमा गयो । जर्नेलहरूमाथि पकड जमाउने वा सेनामाथि नागरिक नियन्त्रणलाई वास्तविकतामा बदल्ने (दुवै लोकतान्त्रिक राज्यका लागि अत्यावश्यक आधार हुन्) राजनीतिक इच्छाको कुनै संकेत देखिँदैन । यस विषयमा विरलै हुने छलफलबाट पनि यस कार्यको आकार र यसको अत्यावश्यकताको संरक्षण गर्न चाहिने नैतिक बलको आकलन गर्न सकिन्छ ।